# सीजेएमसीमा पत्रकारिता तथा आमसञ्चार स्नातकोत्तर तहको अनुभव

**मञ्जु मिश्र**

## पृष्ठभूमि

कलेज अफ जर्नालिजम एण्ड मास कम्युनिकेसन (सीजेएमसी) २०५७ माघ २४ गते दर्ता भएको हो । त्यसअघि नेपालमा आमसञ्चार विषयको स्नातकोत्तर तहको पढाइ कहीँ पनि थिएन । रत्नराज्य क्याम्पसमा आमसञ्चार तथा पत्रकारिता विषयको स्नातक तहको पढाइ हुन्थ्यो । त्यसबाहेक नेपाल प्रेस इन्स्टिच्यूट र मिडिया प्वाइन्टले १० महिने पत्रकारिताको तालिम सञ्चालन गरेर यस क्षेत्रलाई सहयोग पुऱ्याएका थिए । २०५८ सालमा लगभग एकैसाथ पूर्वाञ्चल विश्वविद्यालयअन्तर्गत कलेज अफ जर्नालिजम एण्ड मास कम्युनिकेसन र कान्तिपुर सिटी कलेज तथा त्रिभुवन विश्वविद्यालयअन्तर्गत रत्नराज्य क्याम्पसले स्नातकोत्तर तहमा पत्रकारिता तथा आमसञ्चारका कक्षा सञ्चालन गरे ।

स्नातकोत्तर तहको कलेज सञ्चालन गर्ने निर्णय लिँदा नेपालमा पत्रकारिताको शिक्षा २१ औं शताब्दी सुहाउँदो, गुणस्तरीय, सुविधासम्पन्न बनाउने लक्ष्य थियो मसँग । अन्य देशको तुलनामा नेपालमा पत्रकारिताको शैक्षिक गुणस्तर अब्बल र समय सापेक्ष नदेखिएकोले पत्रकारितामा उच्च शिक्षा सुरु गर्न ढिला भइसकेको महसुस त भयो तर आवश्यक आर्थिक स्रोत त रहर गर्दैमा आउँदैनथ्यो । तसर्थ आवश्यक स्रोतको अभावमा तत्काल सुरु गरिहाल्ने आँट पनि ममा आइसकेको थिएन । तैपनि २५,००० रुपियाँ लिएर कलेज दर्ता गराई छाडेँ । कलेज दर्ताको प्रमाण पत्र र आफूले तैयार पारेको पाठ्यक्रमबाहेक मसँग केही पनि थिएन । वास्तवमा प्रारम्भिक दिनमा विद्यार्थी बस्ने मेच, बोर्ड र रुसमा आफूले पढेका

*मिडिया अध्ययन* १: २३९-२४३, २०६३

रसियन किताबबाहेक कलेजमा केही थिएनन् । तर अहिले त्यस्तो अवस्था छैन । केही पनि भौतिक पूर्वाधार नभएको कलेजलाई पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धन दिन सहयोग पुऱ्याउनेमा पत्रकार भारतदत्त कोइराला र तत्कालीन उपकुलपति तोरणबहादुर कार्की हुनुहुन्थ्यो ।

कलेज स्थापनापछिका चार वर्षलाई कलेजका सङ्कटकालीन दिनका रूपमा लिन सकिन्छ । भर्खर सञ्चालनमा रहेको कलेजलाई निरन्तरता दिनु एउटा कठिन चुनौती छँदै थियो, भौतिक पूर्वाधारको अभाव भए तापनि अन्य कलेजहरूसँग प्रतिस्पर्धामा उत्रनु पनि थियो । यसरी कम्प्युटर, टेलिफोन र अफिस टेबलबिना कुर्सीहरू मात्र राखेर सञ्चालन गरिएको कलेजमा सुरुका दिनमा विद्यार्थीहरूलाई आकर्षण गर्न पनि हम्मेहम्मे परेको थियो । विभिन्न आर्थिक समस्यालाई झेल्दै १८ जना विद्यार्थीलाई लिएर सुरु भएको यस कलेजबाट हाल (२०६३ भाद्र) सम्ममा चार शैक्षिक सत्रमा जम्मा गरी ५० जना विद्यार्थी उत्तीर्ण भइसकेका छन् । अहिले यस कलेजमा १०० जना विद्यार्थी पत्रकारिता तथा आमसञ्चार र विकास पत्रकारिता (डेभलपमेन्ट कम्युनिकेसन) मा स्नातकोत्तर एवं स्नातक तहमा अध्ययनरत छन् ।

कलेज अफ जर्नालिजम एण्ड मास कम्युनिकेसनसँग आफ्नै भवन त छैन । तर त्यसबाहेक न्यूनतम भौतिक पूर्वाधारहरू सबै छन् । जस्तैः स्टुडियो, डार्क रुम, भिडियो तथा फिल्म एडिटिङ, कम्प्युटर ल्याब, मिडिया लाइब्रेरी इत्यादि । यस कलेजमा अहिले पत्रकारिता तथा आमसञ्चार विषयमा स्नातकोत्तर तह र स्नातक तह छ भने विकास पत्रकारितामा स्नातकोत्तर सुरुआत पनि हालसालै भएको छ । कलेज सञ्चालन जस्तो कार्यमा एक व्यक्तिको मात्रै पहलले केही पनि हुन सक्दैन । यस कलेजले विभिन्न सञ्चारविद्, पत्रकार र प्राध्यापकहरूको सहयोग पाएको छ । उहाँहरूबाट कलेज स्थापनाकालका अप्ठेरा दिनदेखि हालसम्म निरन्तर रूपमा कलेजलाई आ-आफ्नो क्षेत्रबाट योगदान पुऱ्याउँदै आउनुभएको छ ।

पत्रकारिता अध्ययनका क्रममा सैद्धान्तिक ज्ञानका अतिरिक्त व्यावहारिक ज्ञान पनि जरुरी हुने भएकाले कलेजले त्यसतर्फ सक्दो प्रयास गरेको छ । यसै सिलसिलामा कलेजले आफ्नै नाउँमा सिजेएमसी सामुदायिक एफएम रेडियोको लाइसेन्ससमेत लिएको छ र भविष्यमा रेडियो प्रसारण गर्ने लक्ष्य राखेको छ ।

## जनशक्ति उत्पादनमा गरिएका प्रयास र तिनको खपत

शैक्षिक अवस्था, अध्यापन विधि, पाठ्यक्रम, इत्यादिबारे जानकारी आदानप्रदान गर्न सकियोस् भनेर नेपालबाहिरका शैक्षिक प्रतिष्ठानहरूसँग यस कलेजले सम्बन्ध

जोडेको छ । हालसालै नर्वेको ओस्लो युनिभरसिटी कलेज, ओस युनिभरसिटी अफ लाइफ साइन्सेज, कम्युनिकेसन युनिभरसिटी अफ चाइनासित प्राध्यापकहरूको आपसी आदानप्रदान तथा सामूहिक अनुसन्धानसम्बन्धी सम्झौता गरियो । त्यस्तै बङ्गलादेश ड्रिक पिक्चर्स लाइब्रेरीसित नर्वेको एफके कार्यक्रमअन्तर्गत भएको साझेदारीअन्तर्गत हरेक वर्ष दक्षिण एसियाली मुलुकहरूमा सीजेएमसीबाट स्नातकोत्तर उत्तीर्ण विद्यार्थी काम गर्न र पढाउन जाने सम्झौता भएको छ । यसरी हालसम्म कलेजबाट उत्तीर्ण ५० जना विद्यार्थीमध्ये ८ जना विद्यार्थीले विदेशमा गएर आफ्नो क्षमता र सीपलाई प्रदर्शन गर्ने मौका पाएका छन् । केही विद्यार्थीहरू काठमाडौँका स्थापित सञ्चारमाध्यममा काम गर्न थालिसकेका छन् ।

कम्युनिकेसन युनिभर्सिटी अफ चाइनाले यस कलेजका दुईजना विद्यार्थीहरूलाई प्रतिवर्ष छात्रवृत्ति प्रदान गर्छ । लाहोर विश्वविद्यालयले पनि स्नातकोत्तर तहमा दुईओटा छात्रवृत्ति प्रदान गरेको छ । त्यसैगरी नर्वे फ्रेडस्कर्पसेटसँग भएको साझेदारीअनुसार प्रत्येक वर्ष एकदेखि दुई जनासम्म स्नातकोत्तर तह उत्तीर्ण गरेका विद्यार्थीहरू बङ्गलादेश, भारत, श्रीलङ्का, पाकिस्तान र अफगानिस्तानमध्ये कुनै एक मुलुकमा पत्रकारिता पढाउन जान थालेका छन् । जस्तो, यस वर्ष बङ्गलादेशको ड्रिक पिक्चर्स लाइब्रेरीमा *हिमालय टाइम्स* दैनिकका न्यूज डेस्क एडिटर नवराज चालिसे पत्रकारितामा सम्पादन पढाउन गएका छन् ।

कलेजमा भूतपूर्व र वर्तमान सम्पूर्ण विद्यार्थीहरू मिलेर एउटा मिडिया फोरम नामक संस्था स्थापना गरेका छन् । यसले आम सञ्चारको क्षेत्रमा अन्तर्क्रिया सञ्चालन गर्ने लक्ष्य राखेको छ ।

## पाठ्यक्रम सुधारको आवश्यकता

हाल नेपालमा पत्रकारिता तथा आमसञ्चारको पढाइ स्नातकोत्तर तहमा भइरहेको छ र नेपालको पत्रकारिता जगतमा यसले सकारात्मक योगदान गरेको कुरामा दुई मत नहोला । यद्यपि हामीकहाँ उपयोगमा आइरहेका पाठ्यक्रम परम्परागत र पुराना प्रकृतिका भएको हाम्रो अनुभव छ । पूर्वाञ्चल विश्वविद्यालयअन्तर्गत पत्रकारिता तथा आमसञ्चार विषयको पाठ्यक्रममा भएका कमजोरीलाई यहाँ राख्न सान्दर्भिक होला । ती यसप्रकार छन्:

१. स्नातकोत्तरमा पढाइ हुने मोडर्न जर्नालिजमको खण्डमा सूचना प्रविधिको विषयलाई आमसञ्चार सिद्धान्त र व्यवहार (Mass Communication

Theory and Practice) मा गाभ्न सकिन्छ । खण्ड ख अन्तर्गत पढाइने उक्त विषयमा धेरै कुरा दोहोरिएका छन् ।

२. पत्रकारिता पढ्ने विद्यार्थीहरूको निमित्त कम्प्युटर ज्यादै उपयोगी र अत्यावश्यक विषय हो । आजकल स्नातकोत्तर पढ्न आउने विद्यार्थीहरू प्रायः दस जोड दुई गरेर आएका हुन्छन् । उनीहरूले कम्प्युटरको साधारण शिक्षा स्कूलमै लिइसकेका हुन्छन् । वर्डस्, इन्टरनेट, एक्सएमएल, पावर प्वाइन्ट र एचटीएमएल जस्ता प्रोग्राम पहिल्यै सिकिसकेका हुन्छन् । यसैले पनि तीनओटै सेमेस्टरमा राखिएको कम्प्युटरसँग सबन्धित विषय विश्वविद्यालय स्तरका बनाई कम्प्युटर विकासमा देखिएका नयाँनयाँ विषयहरू समावेश गर्नु जरुरी छ । किनभने हामी त पत्रकारितामा उच्च शिक्षा दिलाउने एउटा निकाय हौँ । सीजेएमसीका कम्प्युटर र मल्टिमिडिया प्रशिक्षक विनय न्यौपानेका अनुसार अहिले पत्रकारिता तथा आमसञ्चार विषयमा स्नातकोत्तर उत्तीर्ण भएकाहरूले कतिपय व्यवहारिक कुरा जानेका हुँदैनन् । उदाहरणका रूपमा, छापा माध्यमका लागि एउटा स्तरीय पत्रिका प्रकाशन गर्न लेआउट डिजाइन गर्न सिकाउने सामग्री पाठ्यक्रममा छैन ।

३. अहिलेको अवस्थामा एक्सएमएल जस्तो एडभान्स विषय जर्नालिजममा पढाएर सो क्षेत्रमा खासै केही प्रयोग हुन सक्दैन बरु यसको सट्टा वेभ साइटको प्याकेज, ब्लग सिस्टमको गहिरो अध्ययन हुनु जरुरी छ । त्यस्तै मल्टिमिडिया विषयमा खालि ऐतिहासिक सिद्धान्तका विषयहरू मात्र पढाइ हुने गर्दछ । तर पत्रकारिता पढ्नेहरूले पत्रकारिताको बजारमा आवश्यक ज्ञान नपाइरहेको अवस्था छ । यसै गरी पाठ्यक्रममा टेलिभिजनमा विज्ञापन वा कार्यक्रम उत्पादन कसरी गरिन्छ भन्ने जस्ता विषयहरू समावेश गर्नसके विद्यार्थीलाई उपयोगी ज्ञान मिल्ने थियो ।

४. कम्प्युटरको प्रथम सेमेस्टरमा राखिएको पाठ्यक्रम ४० घण्टामा कुनै पनि हालतमा सकिन्न । यसको प्रत्यक्ष मार विद्यार्थीले भोग्नु परिरहेको छ र सम्बन्धित विषय पढाउने प्राध्यापकलाई पढाउन मुश्किल पर्नुका साथै कलेजहरूलाई पनि निकै अप्ठेरो परेको छ । यस्ता धेरै विषयवस्तु छन् जुन पढाउने क्रममा एक अर्को विषयसँग दोहरिएको पनि पाइन्छ । यसरी दोहोऱ्याएर एकै विषय पढाउनुभन्दा विद्यार्थीलाई कुनै अरू नयाँ सामग्री अध्ययनका निमित्त थप्न सकिन्छ ।

५. पत्रकार शरद राईका अनुसार फोटोग्राफीको पाठ्यक्रममा डिजिटल प्रविधिबारे सानो अंश पनि छैन । फोटो पत्रकारिताको पाठ्यक्रम व्यवहारिक र प्रभावकारी

हुन सकेको छैन । अझै पनि पत्रकारहरूलाई केवल डार्करुमभित्र सीमित अभ्यासमा मात्रै सामेल गराइराख्नु कत्तिको उचित हो ? यसैले एक्काइसौं शताब्दीमा सञ्चार क्षेत्रमा देखिएका क्रान्तिकारी परिवर्तनलाई दृष्टिगत गर्दै विश्वविद्यालयले पाठ्यक्रममा परिमार्जन गर्नु जरुरी देखिन्छ ।

यस्ता सजिला र अप्ठेरा विभिन्न अवस्था र नियति भोग्दै यस कलेजले छोटो अवधिमै पत्रकारिता तथा आम सञ्चारको अध्यापनका क्रममा धेरै उकाली ओरालीहरू पार गरिसकेको छ । गर्दै र सिक्दै जाने प्रक्रियामा हाम्रा विगतका अनुभवले हामीलाई धेरै नै पाठ सिकाएका छन् । हाम्रो अबको लक्ष्य आमसञ्चारको विश्वविद्यालयको स्थापना गर्नु हो ।